परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

वर्ष ९ | अंक २३ | २०७७ पौष १९ गते आईतवार | Sunday 3, Jan, 2020 | पृष्ठ: ६, | मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## प्रधान मन्त्री ओलीको असबैधानिक कदम खारेज गर्न जसपाद्वारा आन्दोलनको घोषणा

विराटनगर । प्रधानमन्त्री केपी शर्मा ओलीको मन्त्रीपरिषदको सिफारीषको आधारमा राष्ट्रपति द्वारा गरीएको प्रतिनिधी सभाको असबैधानिक विघटन कदमलाई खारेज गर्न जनता समाजवादी पाार्टी नेपालले प्रदेश नं. १ को प्रमुख शहरहरुमा सडक आन्दोलनको घोषणा गरेको छ ।

देशव्यापी आन्दोलन गर्ने जनता समाजवादी पार्टी नेपालको केन्द्रिय कार्यक्रम अनुसार प्रदेश नं. १ को प्रमुख तीन ठूला शहर हरुमा आन्दोलन गर्ने तयारी गरेको जसपा जिल्ला कार्यसमिति मोरंगका अध्यक्ष द्धय मो. कादिर र राजकुमार यादवले पत्रकार सम्मेलन गरी जानकारी गराएका छन् ।

आन्दोलनको कार्यक्रम अनुसार पौष २५ गते प्रदेश नं. १ को राजधानी विराटनगरको जन आनदोलन चौकमा गर्ने भएको छ । उक्त सभामा जसपा संघिय परिषदका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई, जसपाका केन्द्रीय कार्यकारीणी



आन्दोलनको जानकारी गराउन गरिएको पत्रकार सम्मेलनमा जनता समाजवादी पार्टी नेपालका नेता गणहरु ।

अध्यक्ष तथा पूर्व उप प्रधानमन्त्री उपेन्द्र यादव र जसपा केन्द्रिय कार्यकारिणी समिति सदस्य माननीय लक्ष्मणलाल कर्णको सहभागीता हुने छ ।

त्यसैगरी पौष २९ गते झापाको विर्तामोडमा आमसभा हुने भएको छ । जसमा वक्ताको रुपमा जसपा केन्द्रिय कार्यकारिणी समिति सदस्य तथा पूर्व मन्त्री रकम चेमजाङ, केन्द्रिय कार्यकारिणी समिति सदस्य तथा पूर्वमन्त्री हेमराज राई, डम्बर खतिवडा र मनिष सुमनको हुने छ ।

माघ ३ गते हुने आन्दोलन धरानमा हुने भएको छ । जसमा केन्द्रिय कार्यकारिणी सदस्य तथा पूर्व मन्त्री अशोक कुमार राई, केन्द्रिय कार्यकारिणी सदस्य पूर्व मन्त्री रकम चेमजोङ, केन्द्रिय कार्यकारिणी सदस्य तथा पूर्व मन्त्री पर्शुराम खापुङ र केन्द्रिय कार्यकारिणी सदस्य युवराज काकी वक्ताको रुपमा रहने भएको छ ।

जनआन्दोल र जनसंघर्षको जनकारीदिने गरिएको पत्रकार सम्मेन प्रेस नेपालका मोरंग जिल्ल अध्यक्ष मुकेश कुमार यादवको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## प्रदेश नं. १ मा ९५ प्रतिशत कोरोना संक्रमणवाट मुक्त

विराटनगर । प्रदेश १ मा कोरोना संक्रमण भएका मध्ये ९५ प्रतिशतमुक्त भएका छन् । समाजिक विकास मन्त्रालयका अनुसार ९५ दशमलव ५८ प्रतिशत संक्रमणमुक्त भएको जानकारी गराएको छ ।

२९ हजार ८४३ संक्रमित मध्ये २८ हजार ५२५ जना डिस्चार्ज भएको मन्त्रालयका कोभिड १९ निगरानी, तथ्याङ्क संकलन तथा अनुगमन समितिका संयोजक डा. रविन्द्र निरौलाले वताएका थिए । उहाँकाअनुसार सवैभन्दा बढी मोरंगमा १३ हजार ९१ जना संक्रमित भएका छन् । संक्रमण देखिएका मध्ये १२ हजार ६२५ डिस्चार्ज भएका छन् ।

सुनसरीमा ८ हजार ९३८, झापामा ४ हजार ६४३, उदयपुरमा ४९३, इलाममा ४७१, संखुवासभामा ३४१, धनकुटामा २०५, तेर्हथुममा ११९, पाँचथरमा १४४, ताप्लेजुङमा १२०, खोटाङमा ९६, भोजपुरमा ८४, ओखलढुङ्गामा ४७ र सोलुखुम्वुमा ३७ जनामा संक्रमण देखिएको डा. निरौलाले बताए ।

संक्रमण देखिएका १ हजार १४ जना अन्य प्रदेशका छन् । मन्त्रालयले शनिबार सम्म कोरोना संक्रमणबाट ४६१ जनाको मृत्यु

वांकी अन्तिम पेजमा...

## पन्द्र प्रदेश सभा सदस्य निलम्बन

विराटनगर । नेकपा प्रदेश १ संसदीय दलले पुष्पकमल दाहाल ‘प्रचण्ड’ र माधवकुमार नेपाल पक्षका १५ जना प्रदेश सभा सदस्यलाई ३ महिनाका लागि निलम्बन गरेको छ ।

संसद विघटनपछि विभाजित बनेको नेकपाभित्र एकले अर्कालाई कारबाही गर्ने क्रम बढेको छ । प्रधानमन्त्री केपी शर्मा ओली पक्षधर नेकपा प्रदेश १ संसदीय दलका प्रमुख सचेतक बुद्धीकुमार राजभण्डारीले अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्ने १५ जना सदस्यलाई निलम्बन गरिएको छ ।

अर्कोतर्फ दाहाल-नेपाल पक्षले संसदीय दलको नेता एवं मुख्यमन्त्री शेरधन राईलाई हटाएर भीम आचार्यलाई दलको नेता बनाएको छ ।

यस विषयमा राजभण्डारीले सो निर्णय आधिकारीक नभएको बताउनु भयो । दाहाल-नेपाल समूहबाट दलका उप-नेता टंक आङबुहाङले १९ गतेका लागि बोलाएको दलको बैठकको औचित्य नभएको दावी र ाजभण्डारीको छ । प्रदेश १ मा पुस १९ गते उक्त समूहले दलको बैठक डाकेको छ ।

## १३ औं साधारण सभाको अवसरमा चार पत्रकार सम्मानित

विराटनगर । नेपाल पत्रकार महासंघ मोरङ शाखाको १३ औं साधारण सभामा पाँच जना पत्रकारहरु सम्मानित भएका छन् ।

सम्मानित हुनेहरुमा कमल पौडेल खिलेश्वरी पत्रकारिता पुरस्कार, पदम कुमार सरदार नगर विकास पत्रकारिता पुरस्कार, बाबुराम भण्डारी, हरि प्रसाद कोईराला र विवेक गौतम प्रतिभा पत्रकारिता पुरस्कारवाट सम्मानित भएका थिए ।

खिलेश्वरी पत्रकारिता पुरस्कार र नगर विकास पत्रकारित पुरस्कारको राशि जनही .१५ हजार छ भने प्रतिभा पत्रकारित पुरस्कारको राशि जनही २१ हजार रहेको छ । उनीहरुलाई विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुली र नेपाल पत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष राजेश मिश्रलगायतले सम्मानित र पुरस्कृत गरेका थिए ।

कार्यक्रममा बोल्दै विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले सञ्चार क्षेत्रमा विकास एवं सहयोग पुऱ्याउने उद्देश्यले नगरपालिकाले सञ्चार कार्य विधि मस्यौदा तयार गरिरहेकोले यसमा सहयोग गर्न सञ्चारकर्मीहरुलाई आग्रह गरेका थिए । उनले सञ्चारकर्मीहरुको वृति विकासमा सहयोग गर्न नगरपालिकाले कल्याणकारी कोष बनाउने यसमा नगरपालिकाको ८० प्रतिशत र सञ्चारकर्मीहरुको २० प्रतिशत सहयोग हुनु पर्ने भन्दै अहिलेको वर्तमान परिस्थितिमा द्वन्द्ध र अस्थिरता तर्फ मुलुकलाई जान नदिन सञ्चारकर्मीहरुको भूमिका महत्वपूर्ण हुने कुरामा जोड दिएका थिए ।

मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले सञ्चार क्षेत्रको सूचना र समाचारबाट आम नागरिकमा जागरुकता बढेको वताए ।

नेपाल पत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष राजेश मिश्रले सञ्चारकर्मीहरु आफ्नो पेशामा मर्यादित हुनु पर्ने र पत्रकारिताको क्षेत्रमा स्वस्थ आलोचना गर्नु राम्रो रहेको बताए । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य महेश रेग्मीले लोकतन्त्र र प्रजातन्त्रको रक्षाका लागि सञ्चारकमी हरुको भूमिका अग्रणी हुने भएकोले

वांकी अन्तिम पेजमा...

## क्वारेन्टिन कार्यालय मोरंगको सूचना

*विरूवा तथा विरूवा जन्यउपजहरूको निकासी पैठारी र ओसार पसार गर्दा सत्रु जीवको प्रवेश हुन सक्ने भएकोले विरूवा संरक्षण ऐन २०६४ तथा विरूवा संरक्षण नियमावली २०६६ अनुसार त्यस्ता विरूवाहरू तथा विरूवा जन्य उपजहरूको अनिवार्य क्वरेन्टिन जाँच गराई ओसार पसार गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।*

क्वारेन्टिन कार्यालय मोरंग

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## भारतीय...

नोट रु. ५०० का दरको ४० थान जम्मा २० हजार फेला परेको हुँदा निज राजवंशीलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाईएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## प्रदेश २ मा...

को जुन सम्बन्ध छ, त्यसलाई सीमानाका बन्दको कारणले असर पारिरहेको छ । सीमावर्ती क्षेत्रका जनताको दिनचर्या र दैनिकी कष्टकर भइरहेको छ । त्यसलाई खुकुलो र सहज पार्नका लागि पनि दुवै देशका सरकारहरुले विचार गरेर सीमा खोल्नुपर्छ, निर्वाधरुपमा आवात-जावत हुनुपर्छ ।

निश्चितरुपमा वार्ता र सम्वादका माध्यमबाट रहेका असन्तुष्टिहरुलाई हटाइ सम्बन्धलाई पूरानै लयमा फर्काउनैपर्छ । भारत पनि वार्ताका लागि तयार देखिएको छ । जहिले पनि भारतका सरकारले नेपालको भलो चाहन्छ, सकारात्मक रुपले हेरिरहेको अवस्था छ । जहिले पनि भारतको नीति नेपालप्रति सकारात्मक नै रहेको छ । नेपालले पनि भारतप्रति सकारात्मक दृष्टि राखेकै हो ।

(बैठा दलित अधिकारकर्मी तथा जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य हुन् ।) ( मधेश दर्पण फिचर सेवा)

## प्रधानमन्त्रीको...

लोकतन्त्र रक्षाको लागि कलम चलाउन आग्रह गरेका थिए ।

नेपाल पत्रकार महासंघ प्रदेश १ का अध्यक्ष विक्रम लुइँटेलले पत्रकारिता क्षेत्रको विकासमा योगदान दिन स्थानीय तहले सहयोग गर्नु पर्ने कुरामा जोड दिए ।

कार्यक्रममा राष्ट्रिय जनता पार्टी मोरङका अध्यक्ष राजकुमार यादव, उद्योग संगठन मोरङका अध्यक्ष भीम घिमिरे, मोरङ व्यापार संघका अध्यक्ष प्रकाश मुण्डदा, राष्ट्रिय मानव अधिकार आयोगको पूर्वाञ्चल निर्देशक नितु गड्तौला, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य जानुका बरालले समाजमा चेतना ल्याउन र गलत मानिसहरुलाई खबरदारी गर्न पत्रकारिता क्षेत्र महत्वपूर्ण योगदान दिइरहेको वताएका थिए ।

साधारणसभाका बन्द सत्रले पत्रकारहरुको पेशागत सुरक्षा, आर्थिक तथा सामाजिक परिवेशसँग सम्बन्धीत विभिन्न २० बुँदे घोषणापत्रसमेत पारित गरेको छ । साधारण सभाले पत्रकार महासंघ मोरङका सचिव अर्जुनकुमार आचार्यले प्रस्तुत गर्नुभएको सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष सन्तोष सिग्देलद्वारा प्रस्तुत आम्दानी खर्चको प्रतिवेदन पारित गरेको थियो । सधारण सभाको खुल्ला सत्र नेपाल पत्रकार महासंघ मोरंगका अध्यक्ष बन्धु पोखरेलको अध्यक्षतामा भएको थियो ।

## प्रदेश नं. १...

भएको जनाएको छ । सुनसरीमा १४४, मोरंगमा १३२, झापामा १२३, धनकुटामा १०, इलाम र उदयपुरमा ७-७, तेर्हथुममा ४, ताप्लेजुङमा २, पाँचथर र संखुवासभामा १-१ र प्रदेश १ बाहिरका ३० जनाको मृत्यु भएको हो । प्रदेश १ मा शनिवार ३१ जना कोरोना संक्रमित थपिएका छन् ।

मोरंगमा १६, सुनसरीमा ८, झापामा ६ र प्रदेश १ बाहिरका १ जना रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ । मोरंगको विराटनगरमा १०, बुढीगंगामा ४, लेटाङमा २, सुनसरीको इटहरीमा ४, धरानमा २, रामधुनी र हरिनगरमा १-१, झापाको विर्तामोडमा २, अर्जुनधारा, कनकाई, बुद्धशान्ति र कमल गाउँपालिकामा १-१ र प्रदेश १ बाहिरका १ जनाको रिपोर्ट पोजेटिभ आएको हो ।

शनिबार ९५ जना कोरोना संक्रमित डिस्चार्ज भएका छन् जसमा होमआईसोलेसनबाट ८६, कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रबाट ८ र विराट मेडिकल कलेजबाट १ जना डिस्चार्ज भएका हुन । प्रदेश १ मा आज ३२८ जनाको पीसीआर परीक्षण गरिएको छ ।

परीक्षण गरिएका मध्ये ८ महिला र २३ पुरुषको रिपोर्ट पोजेटिभ आएको हो । हालसम्म २ लाख ९ हजार २३९ जनाको पीसीआर परीक्षण गरिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

# प्रदेश नं. १ को प्रदेशसभा विघटनको पक्षमा जादैन : मन्त्री कार्की

विराटनगर । प्रदेश १ सरकारका प्रवक्ता हिक्मतकुमार कार्कीले प्रदेश सरकार प्रदेशसभा विघठनको पक्षमा नजाने बताउनु भएको छ । उहाँले मुख्यमन्त्रीले प्रदेशसभा विघठन गर्न सक्ने अवस्था भएपनि विघठनका पक्षमा प्रदेश सरकार नजाने बताउनु भएको हो ।

प्रदेशसभाबाटै अविश्वास प्रस्तावको सामाना गर्नेगरि माघ ७ गते प्रदेशसभाको बैठक आह्वान गरिएको मन्त्री कार्कीले वताएको छ । आन्तरिक मामिला तथा कानून मन्त्री समेत रहेका कार्कीले पत्रकार सम्मेलन गरि प्रदेश सभा विघठन गरि प्रदेशका संरचनाहरुलाई अस्थिर नबनाईने जानकारी दिएका थिए । मुख्यमन्त्री शेरधन राई विरुद्धको अविश्वासको प्रस्ताव हतारोमा आएको वताउदै नेकपा कानुनी रुपमा विभाजित नभई मुख्यमन्त्री विरुद्धको प्रस्ताव आएको मन्त्री कार्कीको भनाई छ ।

अविश्वास प्रस्ताव पेश गर्ने सामान्य प्रकृया पनि पुरा गरिएन ।' नेकपा केन्द्रीय सदस्य समेत रहनु भएका कार्कीले पार्टी दुई समूहमा विभाजन हुन रहर नभएर बाध्यता भएको वताउदै वैचारिक समस्या नभएर पदीय लडाईका कारण राजनीतिक रुपमा पार्टी विभाजित हुन पुगेको वहांको भनाई थियो ।

दुईपार्टी वीच घुलमिल नहुँदै विभाजनको अवस्थामा पुगेको, कानुनी रुपमा पार्टी विभाजन हुन बाँकी रहेपनि अहिलेको घटनाक्रमले तत्कालै एक भईहाल्ने अवस्था पनि नभएको वताए ।

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

अन्त्य गरौं लैंगिक हिंसा र दुर्व्यवहार :
व्यक्ति, समाज र राष्ट्र जिम्मेवार
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग



नपाल पत्रकार महासंघ मोरंगप शाखाको १३ औ साधारण सभाको अवसरमा विराटनगर महानगर पालिकाका मेयर भीम पराजुलीले नगर विकास पत्रकारिता पुरस्कार वटा मिकालु टेलिभिजनका संवाद दाता पदम कुमार लाई सम्मानित गर्दै । तस्वीर : श्याम सुन्दर सुतिहार

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार ढोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# भ्रष्टाचारको जालोलाई हटाऔं

नेपालमा रहेको तीन तहको सरकार मध्ये स्थानीय तहमा भ्रष्टाचार बढी भईरहेको छ। ती भ्रष्टाचार गर्नेमा राजनीति दलका नेता देखि स्थायी सरकार भनिने नेपाल सरकारका कर्मचारी समेत लागि परेका छन्। सत्ता चलाउने तथा विपक्षी दलमा बस्ने नेताहरुले नेपाली जनतालाई सदाचारको पाठ सिकाउनु पर्नेमा उल्टै तीनै तहका सरकार भ्रष्टाचारमा लिप्त भएका छन्। त्यही भ्रष्टाचारकै कारण नेपालको राजनीतिमा कुर्सी कहिल पनि छोड्न चाहदैन। सत्ताको कुर्सी र जागिरको कुर्सीवाटै सवभन्दा वढी भ्रष्टाचार भईरहेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पछिल्लो प्रतिवेदनअनुसार सबैभन्दा धेरै भ्रष्टाचार स्थानीय तहमा भएको छ। त्यो भ्रष्टाचार गर्ने तरीका भने केन्द्र सरकाले नै सिकाएको आम नेपाली जनताका बुझाई छ। पहिले पहिले अख्तियामा शिक्षा र स्वास्थ्य सम्वन्धी उजुरीहरु बढी पर्ने गरेकोमा हाल स्थानीय तहमा भएको विकास निर्माण लगायतको विषयमा बढी उजुरी पर्ने गरेका छन्।

केन्द्रिय सरकार देखि स्थानीय तह सम्म भ्रष्टाचार हुने ठाउँहरुमा प्राकृतिक स्रोतसाधनको दोहन, विकास निर्माणका कार्यमा अनियमितता, नियुक्ति, सामाजिक सुरक्षा भत्तामा अनियमितता विषयका उजुरी पर्ने गरेका छन्। विकास निर्माणका कार्यमा गठन गरिएका उपभोक्ता समितिहरुको भेला नगराई केही रकम दिएर सही गराउने र नक्कली उपभोक्ता समितिहरु ठूला(ठूला होटलमा दारुपार्टी गर्दै स्वार्थसिद्धिका लागि समितिहरु गठन हुने गरेको छ। सामाजिक सुरक्षाभत्ता वितरणमा दोहोरोपना, अपारदर्शिता तथा मृत्यु भइसकेका व्यक्तिको समेत भत्ता उपलब्ध गराउने तथा किर्ते दस्तखत गरी भत्ता लिनेसम्मका गतिविधि स्थानीय तहमा हुने गरेका छन्। व्यक्तिगत स्वार्थका लागि विवाहितलाई अविवाहित, बहिनीलाई स्वास्नी, विदेशलाई स्वदेश, सरकारी जग्गालाई नीजी, भनी सिफारिस गर्नसमेत पछि नपर्ने भ्रष्टाचारीहरुबाट जनताले कस्तो सुशासनको अपेक्षा गर्नुनै वेकार छ।

राजनीतिमा देखिएको भ्रष्टाचार र कर्मचारीतन्त्रमा देखिएको भ्रष्टाचारलाई निवारण गर्ने त कठीन छ तर प्रतिशतको आधारमा कम गर्न प्रभावकारी अभियानको रुपमा लान निरन्तर प्रयास गर्नै पर्छ। स्थानीय तहमा स्रोत परिचालन र बजेट खर्चमा निगरानी तथा नियन्त्रण फितलो भएकाले संघीयता कार्यान्वयनसँगै भ्रष्टाचार बढेको देखिन्छ। राजनीतिमा हुने पैसाको चलखेल बन्द गर्न निजी क्षेत्र वा व्यापारीबाट पैसा उठाएर वा सरकारमा बस्दा भ्रष्टाचार गरेर पार्टीका लागि चुनाव खर्च जम्मा गर्ने प्रवृत्ति नेपाली जनताले रोक्न आवश्य छ। अन्यथा भ्रष्टाचारले गर्दा नेपाली जनता गरीब हुंकदै जान्छ नेता र कर्मचारी धनी वन्दै जान्छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# यूवामा छर्ना खोजिएको तीन भ्रम

**हरिलाल भट्टराई**

नेपाली राजनितिमा हरेक राजनीतिज्ञले आफ्नो स्वार्थ पूरा गर्न सबैभन्दा बढी युवा जमातलाई रोज्छन्। तर आजको युवा पहिलेभन्दा धेरै चेतनशील र अध्ययनशील भएकाले पहिलेजस्तो सजिलो भने छैन। तर, आज पनि विभिन्न ढंगले तिनै युवाहरूमा केही भ्रम फैलाउन खोजिएको छ।

आज नेपाली राजनितिको आकाशमा मडारिएको कालो बादल के कस्ता कारण किन र कसरी उत्पन्न भयो भन्ने विषयमा केहि युवाहरूमा अत्यन्तै गलत सूचनाको माध्यमद्वारा भ्रम सृजना गर्न खोजिएको देखिन्छ। हामी युवाहरूमा अहिले यस्तो बानी बनिसकेको छ कि भित्री कुरा पढ्ने सामर्थ्य राख्दैनौं, विज्ञहरूका आलेखहरू पढ्ने आँटै गर्दैनौ र पत्र(पत्रिकाका सम्पादकीय त झन पढ्ने बानी नै छैन। बरू आफ्नो मनपर्ने नेताहरूको जस्तो भएनि अन्तर्वार्ता सुन्छौं र त्यसैअनुसार धारणा बनाउँछौं। विषय(विज्ञका अन्तर्वार्ताहरू सुन्ने समय नै हुन्न। यो प्रवृत्तिले आजका नेता र नेतृत्व जति असहिष्णु, अराजनीतिक र तर्कविहीन छ भोलिको नेतृत्व झन् तर्कहीन हुने हो कि भन्ने चिन्ता पनि सर्वत्र देखिन्छ।

यस आलेखमा म युवा, समस्त पाठकमा पार्न खोजिएका भ्रम र मैले देखेका यथार्थपरक तथ्यहरूका आधारमा सत्य पहिल्याउन कोसिस गर्नेछु।

**भ्रम एक:**

प्रधानमन्त्रीलाई काम गर्न नदिन घेराबन्दी गरियो, त्यसैले यो समयको उत्पत्ति भयो। सन्सारमा सायद कुनै मान्छे हुँदैन होला जो समस्याहरूले नघेरिएको होस्। त्यसैमा नेतृत्व यति गम्भीर र चुनौतीको केन्द्र हो जो चारैतिरबाट समस्याहरूले घेरिन्छ। जसले त्यी चुनौतीहरूलाई चिर्न सक्यो ऊ नेता र जननेता र राजनेता भएर निस्कछ तर जो त्यी चुनौतीसँग डराएर दुनियाँ बहाना बनाउँदै पन्छिन खोज्छ ऊ काँतर र सोतर बनेर निस्कन्छ।

नेताको पहिलो योग्यता नै समस्याको व्यवस्थापन र सहयोद्धालाई विश्वास दिलाउन सक्नु नै हो। नेपाली राजनीतिज्ञहरू त झन् गुट उपगुटहरूले घेरिन्छन् नै। त्यसले के अहिलेका प्रधानमन्त्रीलाई के यो कुराको पहिले हेक्का थिएन र ?

धेरै कमजोरी घेरिएका प्रचण्डसँग एकता गर्नुपूर्व उहाँमा तीन वर्षपछि यस्तो हुन सक्छ भन्नेसम्मको ज्ञान थिएन भने उनलाई उनका जयजकार गर्नेहरूले कुन मुखले राजनेताको पगडी लगाएर हिँड्छन्। एक राजनेताले एक सताब्दीपछि के हुनेछ भन्ने कुराको आँकलन गर्न सक्नुपर्दछ। तर उहाले तीन वर्षपछि के हुनेछ भन्नेसम्मको आँकलन गर्न नसक्ने अनि घेरियो भन्न मिल्छ !

पार्टी एकता के को बलमा र केको सनकमा गर्नुभएको हो ? यो प्रश्न गर्न मिल्ने कि नमिल्ने ? २०७४ साल असोज १३ धुम्बाराहिमा बसेको नेकपा ( एमाले) स्थायी कमिटी बैठकमा एक सदस्यले माओवादीसँग तालमेल गरेर जाउभन्दा तपाई माओवादीको प्रतिनिधि हो ? यो कुरा हुन्न भन्ने केपी ओलिलाई ठिक दुई दिनपछि आफ्नै घर बालकोटमा बैठक बोलाएर माओवादीसँग तालमेल पनि गरौं र एकता पनि गरौं भन्ने आँट, त्यो बोली कसले ल्याइदियो उहाँमा ? त्यसबेला कसैले यो विषयमा अध्ययन गरेर मात्र अगाडि बढौं भन्दा तपाईं एकता बिरोधी हो भन्ने त्यत्रो चामत्कारी परिवर्तन खड्गप्रसादमा कसको आड या उस्काहटमा पैदा भो यो कुराको वास्तविकता बिस्तारै आउँदै गर्ला तर केही न केही अदृश्य शक्ति या त मनभित्रको अत्यन्तै पद लोलुपदाबादी चिन्तन झल्केको हुनुपर्छ। जुन केही खुलेको छ केही इतिहासले बताउला।

हाम्रो प्रधानमन्त्रीलाई २०५१ सालको मनमोहन सरकार, २०६६ को माधव नेपालको सरकारलाई पार्टीका नेताहरूले केकति सहयोग गरेका थिए भन्ने कुराको जानकारी नभएको हो र ! त्यसैमा २०६७ साअको झलनाथ खनालको सरकारलाई उहाले गर्नु भएको सहयोगको त समस्त जनता जानकार नै छन? के हामी यति चाडै इतिहास बिर्सिदै भ्रम छर्न मिल्छ। के त्यतिबेलाका चुनौतीहरू अहिलेको जत्ती मात्र थिय त ? सम्झिऔं त एकचोटी ती डरलाग्दा दिनहरू। ५ लाख जनता काठ्माडौ उतारेर माओवादी हरू आन्दोलन गर्दै थिय २२ वटा दलहरूको गठबन्धनमा बनेको सरकार कसरी बिस्वास जितिरहेको थियो ?

त्यत्रा २२ दल र आफ्नो दल मिलाउन सक्ने तागत भएका बहादुरहरू यही पार्टीमा छन्। के प्रधानमन्त्रीले कुनैदिन सोधे कामरेड कसरी सबैलाई विश्वासमा लिन सकिन्छ भनेर ? होइन बरू पार्टीको मार्गदर्शन सिद्धान्तसँग प्रधानमन्त्री पद साटेर ल्याइएका प्रचण्डसँग मिलेर बारबार अपमान र भित्तामै पुर्याउने कोसिस भो। अपमान एउटैलाई मात्र होईन उहालाई यो कमजोरी भो सच्याउनुस भन्नेहरू सबैलाई गर्नु भो। के अष्टलक्षीजस्तो सादगी, सलिन, अग्रणी महिला नेत्री माथि गरिएको अपमान बिर्सन मिल्छ ?

प्रिय युवा साथीहरू, यी त प्रतिनिधिमुलक घटना अनगिन्ती छन्। तर पनि पार्टी, आन्दोलनकै मायाले होला उहाँहरू अहिलेसम्म समाल्लिएर नै अगाडि बढेको देखिन्छ। लालबाबु पंडित र गोकर्ण बिष्ट जतिका मान्छेहरूलाई असफल भएको जस्तो प्रचार गरेर छापामार शैलीमा मन्त्रीबाट निकाल्दा माधव नेपालले एक शब्द पनि बोलेको देखिन्न। के यो उहाँलाई असयोग थियो त ? आफ्ना सहयोद्धाहरू माथि गरिएको अत्याचारसमेत सहेर हाँसीहाँसी सरकारमा कसलाई समेट्ने कसलाई निकाल्ने भन्ने अधिकार प्रधानमन्त्रीको हो भनेर केहि विरोध नगर्नु हाँसिहाँसी निर्णय स्विकार्नु घेराबन्दी हो ? पक्कै होइन, त्यो त्याग थियो, पार्टी र आन्दोलनप्रति को।

के पार्टीको केन्द्रीय कमिटिले एमसीसी सम्झौतासम्बन्धि निर्णय प्रधानमन्त्री नमान्दा पनि उहाको अनुकुल समयमा आन्नुहोला धेरै दबाब दिन हुन्न भनेर पार्टी यत्रो समय निर्णय सार्दै हिन्नु घेराबन्दी थियो? कि त २०६७ फागुनमा बसेको केन्द्रीय कमिटी बैटेकले लिम्पियाधुरा सम्मको नयाँ नक्सा जारी गर भनेर दिएको निर्देशन घेराबन्दी सम्झिनुभो !

त्यतिमात्र होइन भीम रावल लगायतका नेताहरूले बेलायती सैनिकमा नेपाली महिलाहरूलाई समेत भर्ती गर्ने कुराको खुलेर विरोध गर्नु भएकै हो। त्यसलाई घेराबन्दी ठानिएको हो भने मानिरहोस्। होलि वाइन प्रकरणमा गलत भो भन्ने कुरालाई घेराबन्दी ठान्नेहरूलाई त के भन्नु र खै ? झनै, निर्मला पन्तका हत्यारालाई कार्वाही गर भनेर उठाइएका आवाजहरूलाई घेराबन्दी ठान्नेहरूलाई त राम(रामबाहेक केही भन्न सकिन्न।

तर अपसोच, यति महत्त्वपूर्ण सरकारलाई असफल बनाउने खालका, जनतामा अप्रिय हुनबाट जोगाउने खालका मुद्दाहरू नेताहरूले उठाउदै गर्दा केहिथान भाडाका अनलाईनहरूले प्रचार गरिरहे सरकार घेराबन्दीमा पार्न खोजियो।

पार्टीभित्रैबाट असयोग भयो। सरकारका लागि यति सजिलो र सहयोगी प्रतिपक्ष सायदै इतिहासमै पाइन्न। जो सभापतिको सासू आमाको राजदूत पद जोगाउनैका अरू सबै मुद्धाहरू तिलान्जली दिन तयार छ र दिँदै आएको छ। त्यसैले, घेराबन्दी कसले गर्यो, कहाँ बाट भो ? सबैधानिक नियुक्ति गर्न असहयोग भयो रे ? के तीस दल हुँदा नियुक्ति गर्न सजिलो हुने आज तीन दल हुँदा किन अप्ठेरो भयो ?

अरूहरूलाई प्रश्न उठाउँदै गर्दा आफूतिरबाटै कुनै कमजोरी पो भयो कि नेतृत्व गर्ने नेताले सोच्ने कि नसोच्ने ? हामी युवा के यिनै अनलाइनका भ्रमपूर्ण समाचारहरू पढेर मात्रै धारणा बनाउने कि गहिरो अध्ययन र चिन्तन गर्ने। यो सबैभन्दा विचारणीय प्रश्न हाम्रासामू छ।

तसर्थ, घेराबन्दी अरूले गरेका होइनन्, प्रधानमन्त्रीको वरिपरिका हरूले गलत सूचना जनतामा छर्ने र गलत सुचना नै प्रधानमन्त्री सम्म पुर्याउनेहरूले नै गरेका हुन। जुन कुरा प्रधानमन्त्री न त बुझ्नु भो न त बुझ्ने कोसिस गर्नुभो। बरू सही सुचना प्रधानमन्त्रीसम्म पुर्याउन कोसिस गरेकै कारण विज्ञ व्यक्तित्व डा. कुन्दन अर्याललाई हटाएर सुर्य थापालाई प्रेस सल्लाहकार बनाइयो। थापा आएपछि केके भए जगतलाई नै अवगत छ। यो सानो निर्णय हो तर सबैकुरा यही एउटा निर्णले प्रष्ट पार्छ घेराबन्दी कसैले गरेका हुन् कि आफैंले रचेका हुन !

**भ्रम दुई :** अहिलेको समस्याको समाधान मध्यावधि चुनावले गर्नेछ।

हाम्रोमा कोरोनाको खोप किन्न ६० अर्व रूपैया लाग्ने अनुमान सरकार नै गर्छ र बिश्व बैक, यसियाली बिकास बैक, विश्व स्वास्थ्य सँगठन लगाएतका बिदेशसँग कटौरा थाप्दैछ, खोप किन्न सहयोग गर। यता निर्वाचनको नौटङ्की गरिन्छ जस्का लागि सेतो धन मात्रै करिब २०र३० अर्व खर्च चाहिन्छ। पैसाले भोट किन्ने हरूले गर्ने अबैध खर्चको त हिसाब किताब नै नगरौ। यस्तोमा यो नौटङ्की

वांकी ४ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# विराट राजवंशीके तथ्यांक संकलन प्रशिक्षण तालिम



राजेश कुमार राजवंशी/ विराट राजवंशी भाषामे

विराटनगर। विराट राजवंशी के तथ्यांक संकलन करे खातिर विराट नगर महानगर पालिका वडा न.. ३ कन्चन्वारीमे तालीम सम्पन्न भेलै।

राजवंशी समाज उत्थान समितिके केन्द्र अध्यक्ष भुवनेस्वर मण्डल राजवंशीके अध्यक्षतामे प्रशिक्षण तालिम भव्यताके साथ सम्पन्न करलकै।

विराट राजवंशी जातिके तथ्यांकके खातिर विद्यार्थी युवा सबके परिचालन करिके विराट राजवंशीके जनसंख्या कतैक छइ जम्मा तथ्यांक प्राप्त खातिर गणकके परिचालन करल गेलै।

आरह विराट राजवंशी समुदाय के खातिर आपन पहिचान, अस्तित्व, अधिकारके लेल राष्ट्रिय जनगणना आयोग तथ्यांक विभागमे विराट राजवंशी जातिके अभिलेख के व्यवस्था करे परले।

२०७८ साल मे तथ्यांक विभाग जनगणनाके खतिर आवि रहलइ सबेकोइ विराट राजवंशी लिखाबे खातिर आग्रह करल छइ। विराट राजवंशीके तथ्यांक संकलन पहिला चरन मे बासबारी, कन्चन्वारी, संकरपुर, जतुवा, सितापुर आरह बभनटोली विराट राजवंशीके तथ्यांक संकलन करल जयतै।

गणक सब १८ गते स २२ गते तकमे तथ्यांक संकलन करिके बुझयतै। प्रशिक्षन कार्यक्रममे रा.स.उ.स.केन्द्रिय कोशा अध्यक्ष मायाराम राजवंशी, सहसचिव काशिनाथ राजवंशी, जिल्ला अध्यक्ष प्रदीप विश्वास राजवंशी, सचीव बसन्त राजवंशी, युवा कोषा अध्यक्ष राजेश कुमार राजवंशी, राजवंशी महिला समिति कोषा अध्यक्ष राजकुमारी राजवंशी सहभागी रहे।

प्रशिक्षण कार्यक्रमके प्रशिक्षक बदरी राजवंशी विराट राजवंशी सांस्कृतिक पुस्तकालयके अध्यक्ष कुशेश्वर राजवंशीके आयोजनामे प्रशिक्षन तालीम सम्पन्न कयलकै।

# प्रदेश २ मा दलित बढी पिडित

रामप्रवेश बैठा

प्रदेश २ सहित देशैभर दलितहरुमाथि शृङ्खलाबद्धरुपमा हत्या हिंसाका घटनाहरु बढेको छ। दलितहरुमाथि हुँदै आएको हत्या, हिंसा र बलात्कारको विरुद्धमा हामीले आवाज उठाउँदै आएका छौं। खासगरी प्रदेश २ मा लकडाउनको अवधिमा अलि बढी नै दलितहरु मारिएका छन्। प्रदेश सरकार र प्रहरी प्रशासनको तर्फबाट जे जति कानूनी कारबाही बढाउनुपर्ने थियो त्यो अनुरुप देखिँदैन। कतिपय दलितहरुको प्रहरी हिरासतमै हत्या गरिएको छ। दलितहरुमाथि भइरहेको हत्या, हिंसा र बलात्कारको घटनालाई संघीय सरकारले कुनै ठोस कदम चाल्न सकेको छैन। आखिर प्रहरी प्रशासन त संघीय सरकारकै मातहतमा रहेका छन्। प्रदेश सरकारमाथि यसको दोष दिन मिल्दैन। किनभने प्रदेश सरकारसँग आफ्नो प्रशासन, सिडियो, एसपी नभएकोले केही गर्न सकिरहेको छैन। संघीय सरकारको लापरवाहीको कारणले हत्या हिंसा चरम विन्दूमा पुगेको छ।

प्रदेश २ मा दलितहरुको जनसंख्या निर्णायक देखिएको छ तर पनि हत्या हिंसाका घटना हुँदा दलितहरु मात्रै न्यायका लागि आवाज उठाउने तर गैरदलितहरु किन खुलेर बोलेका छैनन् भन्ने विडम्बनापूर्ण स्थिति छ। प्रदेश २ मा १८ प्रतिशत दलितको आवादी छन्। प्रदेश २ मा बहुसंख्यकरुपमा हुँदा पनि अधिकार र न्याय पाउने कुरालाई संवेदनशीलताका साथ प्रदेश सरकारले उठाउनुपर्ने हो। बहुसंख्यक दलितहरुका लागि गैरदलितहरुले पनि आवाज उठाइदिए राम्रो हुन्थ्यो। जनता समाजवादी पार्टीको निर्माण सबैखाले विभेदको विरुद्धमा भएको छ। यस पार्टीका शीर्ष नेताहरु लगायत प्रदेश २ को सरकार संवेदनशीलताका साथ अगाडि बढ्नुपर्ने देखिन्छ। यो कुरालाई दलित मात्रैले होइन गैरदलितहरुले पनि आवाज उठाइदिएको भए अधिकारको सुनिश्चितता हुने थियो।

शान्ति सुरक्षाका सम्पूर्ण जिम्मेवारी अहिलेसम्म संघीय सरकारकै जिम्मामा छ। सिडियो, सशस्त्र प्रहरी, जनपथ प्रहरी लगायत सुरक्षा निकायका सम्पूर्ण निकाय संघीय सरकारकै मातहतमा छ। भनेपछि शान्ति सुरक्षा कायम गर्ने सवालमा संघीय सरकारले नै जिम्मेवारी लिनुपर्ने हुन्छ। प्रदेश सरकारको मातहतमा कुनै निकाय नै छैन। प्रदेश सरकार त एउटा इकाईको रुपमा मात्रै खडा गरिएको छ। प्रदेश सरकारले लोक सेवा आयोग गठन गर्‍यो, प्रहरी ऐन ल्यायो तर प्रहरी भर्ना गर्ने सवालमा संघीय सरकारले कानून बनाइदिनु पर्ने हो। एर अहिले प्रदेशमा आइसकेको अवस्था छ। अहिले उच्चस्तरीय दलित अनुगमन समिति बनाइएको छ, जसको अध्यक्ष मुख्यमन्त्री हुनुहुन्छ त्यसको सदस्य डिआईजी, गृहमन्त्रीसमेत ९ सदस्यीय गठन भइसकेको अवस्था छ। अब प्रदेशमा दलित आयोग वा दलित विकास समितिको प्रक्रिया छिट्टै थालनी हुनेछ। अब प्रदेशमा दलितहरुको हत्या, हिंसा लगायतका घटनाहरु हेर्ने एउटा निकाय खडा हुन्छ।

निश्चितरुपमा दलित आयोग वा विकास समिति गठन भइसकेपछि प्रदेशमा हत्या हिंसाको घटना न्यूनीकरण हुन्छ। कुनै पनि परिवर्तन जादूको छडी घुमाएजस्तो हुँदैन। तर सरकारको एउटा अंगको रुपमा दलित सशक्तिकरण ऐनअन्तर्गत कुनै निकाय गठन भइसकेपछि त्यसबाट त्यस्ता घटनाहरुमा कमी आउँछ भन्ने हामीलाई विश्वास छ।

प्रदेशको नामाकरण र राजधानीका बारेमा सुझाव संकलनका लागि सम्वाद सुझाव आयोग गठन गरिएको थियो, त्यसको म पनि सदस्य थिएँ। हामीले आठै जिल्लामा गएर विभिन्न तह, तप्का र वर्गका व्यक्तिहरुसँग सुझाव संकलन गरेका थियौं। यस प्रदेशको नामाकरण मधेश प्रदेश हुनुपर्छ भनेर लगभग ८० प्रतिशत जनताको सुझाव थियो। तर त्यो प्रतिवेदनलाई सम्मान नगर्ने गरी जुन खेल भयो जसले गर्दा सत्तारुढ दल तत्कालीन राजपा र फोरमले यथेष्ठ मत पाएन। जसले गर्दा त्यो प्रतिवेदन लागू भएन। प्रदेश २ को सरकारले नामाकरण र राजधानी तोक्ने सवालमा लागि परेको छ।

प्रदेश सरकारले त प्रदेशका जनताको भावना बुझ्नका लागि नै सम्वाद सुझाव आयोग गठन गरेको थियो। अन्य प्रदेशको जस्तो प्रदेश २ को सरकारले नामाकरण र राजधानीको सवालमा मनोमानी गर्न चाहेको छैन। यस विषयमा प्रदेश सरकारले सबै जनताका विचार र राय सुझाव लिएको थियो। त्यसलाई लागू हुन नदिन जुन षड्यन्त्र भयो, विपक्षी दलहरुको तर्फबाट जसले गर्दा जनताको सुझावको कदर भएन। राजधानी र नामाकरणको सवालमा हामीले जुन प्रतिवेदन दिएका छौं, त्यो लागू हुने गरी प्रदेश सरकारले प्रयास गरिरहेको अवस्था छ। हामीलाई विश्वास छ कि सम्वाद सुझाव आयोगको प्रतिवेदनको आधारमा नामाकरण र राजधानी टुंगो लाग्नेछ।

नेपाल-भारतको सम्बन्ध पौराणिक सम्बन्ध हो। यो सम्बन्ध प्रधानमन्त्री केपी शर्मा ओली र नरेन्द्र मोदीले बनाएको होइन। यो सम्बन्ध दुवै देशका नागरिक-नागरिकबीचको सम्बन्ध हो। दुई देशका नागरिक-नागरिक बीचको सम्बन्ध भनेको सांस्कृतिक, आर्थिक, धार्मिक, राजनीतिकदेखि लिएर हजारौं-हजार वर्ष पूरानो सम्बन्ध हो। यस्तो सम्बन्धलाई कुनै देशका प्रधानमन्त्रीले चाहेर पनि तोड्न सक्दैन। हामीले कैयौंचोटि सीमावर्ती क्षेत्रका नागरिकसँग सम्वाद गरेका छौं। नेपाल सरकारले कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर नयाँ नक्सा जारी गर्दा त्यस सम्बन्धमा अलिकति तिक्तता आएको थियो। तर अहिले फेरि सम्बन्ध स्थापित गर्ने गरी कुटनीतिक भ्रमणहरु भइरहेको छ, यसले दुई देशबीचको प्रगाढ सम्बन्धलाई अझ बलियो र सन्तुलित बनाउँछ। नेपाल र भारतबीच रहेको पौराणिक सम्बन्धलाई पूरानै लयमा फर्काउँदा नै दुवै देशको कल्याण हुन्छ। सीमामा अहिले बन्दको जुन अवस्था छ, त्यसलाई पनि सरकारले मध्यनजर गरेर खोल्नुपर्छ। सीमावर्ती क्षेत्रका नागरिकहरुबीच

वांकी अन्तिम पेजमा...


## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔँ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौँ।
- ❒ छाला भएको मासु नखाऔँ र विक्री तिवरणमा समेत निरुत्साहित गरौँ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौँ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौँ, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौँ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौँ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौँ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔँ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौँ बालश्रम शोषण मुक्त नगरको स्थापना गरौँ।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौँ।
- ❒ सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौँ।


# भारतबाट कर छली ल्याएको छब्बीस प्रकारको अबैध समान बरामद



विराटनगर। भारतवाट कर छली ल्याएका छब्बीस प्रकारको अबैध समानहरु प्रहरीले बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यलय मोरङबाट खटिएको प्रहरी टोलीले सोमवार जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १४ स्थित जतुवा नजिक भारतको जोगवनीबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी प्लाष्टिकको बोरा तथा हाते झोलामा प्याक गरेको समानहरु बरामद गरेको हो।

बरामद भएका समानहरुमा समानहरुमा बिभिन्न मोवायलमा लाग्ने टेम्पर ग्लास १०३ बन्डल, बोट लेखिएको लेखिएको बुलुटुथ ८ पिस, बोस बुस्टर लेखिएको सोनी कम्पनीको ठुलो ईयर फोन ४ पिस, आइफोनको डाटा १५० पिस, विभिन्न मोवाईलामा प्रयोग हुने बायरलेस ब्लुटुथ ४० पिस, चार्जर प्लक ३० पिस, कोट-पेन्टको कपडा ३ बण्डल, लेडिज साडी ६ पिस, लेडिज सुरुवाल ४ पिस, लेडिज सुईटर ४ पिस, लेडिज ठुलो कुर्ता ६ पिस, कुर्ता सुरुवालको पिसको कपडा २२ पिस, लेडिज लेङ्गा ५ पिस रहेका छन्।

त्यसैगरी, रेडबुल २ बण्डल ४८ पिस, रसगुल्ला ११ बट्टा, सुरज पापड १४ प्याकेट, एमडीएच कासमिरि मिर्ची ५ बण्डल ५०, मिट मसला ५ वण्डल ५० पिस, चिकेन मसला ३

वांकी अन्तिम पेजमा...


## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १



## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# लागुऔषध गांजा सहित तीन पक्राउ र बेवारीसे खैनी बरामद







विराटनगर । नियन्त्रित लागु औषधको कारोवार गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

सुनसरीको इटहरी उप( महानगरपालिका वडा नं. ९ बाट नियन्त्रीत लागुऔषध गाँजा सहित १ जना पक्राउ परेका छन् ।

गाँजाको ओसार पसार भईरहेको भन्ने बिशेष सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरी टोलीले मोरङको केरावारी गाऊँपालिका वडा नं. १ का २४ बर्षीय मान बहादुर लिम्बुलाई २ केजी ७०० ग्राम गाँजा सहित नियन्त्रणमा लिएको हो ।

साथै लिम्बुले गाँजा ओसार पसारमा प्रयोग गर्दै आएको को १४ प ९२०९ नम्बरको मोटरसाईकल समेत नियन्त्रणमा लिईएको छ ।

त्यसै गरी मोरङ केराबारी गाउँपालिका वडा नं. १० खदम खोला स्थित एरियाबाट दुई जना गाँजा सहित पक्राउ परेका छन । पक्राउ पर्नेमा मोरङ केराबारी गाउँपालिका वडा नं.७ का १७ बर्षीय बिशेष राई र १९ बर्षीय बिपिन लिम्बु रहेका छन ।

उनीहरुलाई ईलाका प्रहरी कार्यालय केराबारीबाट गस्तीमा खटिएको प्रहरी टोलीले २ केजी गाँजा सहित पक्राउ गरेको हो ।

लागुऔषध गाँजा सहित पक्राउ परेका तिनै जना उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको छ ।

त्यसैगरी जिल्ला मोरङ धनपालथान गाउँपालिका वडा नं. १ फाटक दशगजा स्थितमा भारतबाट नेपालतर्फ अबैध रूपमा भन्सार छली ल्याई वेवारिसे अवस्थमा छाडिएको अन्दाजी मुल्य रू. १० हजार बराबरको ८६ प्याकेट बलवान छाप खैनी प्रहरी चौकी गडेरिया बाट खटिएको प्रहरी टोलीले फेला पारी नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी विराटनगरमा बुझाएको छ ।

## लागु औषध सहित चार पक्राउ

बिराटनगर। मोरङ र झापाका दुई छुट्टाछुट्टै स्थानबाट लागुऔषध ट्याब्लेट सहित ४ जना पक्राउ परेका छन् ।

मोरङको बिराटनगर महानगर पालिका वडा नं. १७ मटेरुवाबाट उदयपुरको त्रियुगा नगरपालिका वडा नं. २ का २१ बर्षीय सुरेन्द्र बस्नेत र १७ बर्षीय अनिश अधिकारी लागुऔषध सहित पक्राउ परेको हो ।

पक्राउ परेका साथबाट प्रहरीले एभील-१ एम्पुल, लुपिजेसिक-१ एम्पुल, डाईजोल्याव-१ एम्पुल र नाईट्राभेट-१०५ ट्याब्लेट बरामट गरेको छ । पक्राउ परेका दुबै जनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय रानीले जनाएको छ ।

त्यसैगरी झापाको भद्रपुर नगरपालिका वडा नं. ४ डागीवारीबाट लागुऔषध सहित २ जना पक्राउ परेका छन् । वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका वडा नं. ५ का २५ बर्षीय अर्जुन हल्दार र ३३ बर्षीय मुस्तेक शेकलाई लागूऔषध सहित पक्राउ गरेको हो ।

निजहरुको साथबाट प्रहरीले लागुऔषध कोरेक्स १ बोतल र नाईट्रोसन ३० ट्याब्लेट बरामद गरेको छ । पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के-के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १

## यूवामा...

रचिएको छ र भनिदैछ नयाँ जनादेशका लागि जनतामा जाउ ।

प्रिय युवाहरू, हामीले सोध्ने कि नसोध्ने, तीन वर्ष अगाडि दिएको जनमत के भो भनेर ? त्यस्को बैधता अझै २ वर्ष बाकी नै छ भनेर ? निर्वाचन गर्ने पैसाले हामीलाई कोरोनाको खोप किनेर ल्याउ भनेर भन्ने कि नभन्ने ? कि त मनपरेको मान्छेले जिन्दाबाद भनेकै भरमा जिन्दावाद भन्ने र मुर्दाबाद भनेजै भरमा मुर्दाबाद भन्ने ? साथै, चुनाब सबै समस्याको समाधान हो जस्तो गरेर भन्नेहरूले के निर्वाचन गर्नैका लागि भनिरहेका हुन त ? के निर्वाचन पछि सबैकुरा ठीकठाक हुन्छ त ? तर, यो हामीले अहिले नै एउटा प्रश्नको गम्भीर र तथ्यपरक जवाफ खोज्नै पर्छ । अब आउने सदन फेरि यसरी नै विघटन हुँदैन भन्ने स्पष्ट आधार के छ?

मैले स्पष्ट जवाफ भेटेको छैन बरू सबै सन्कीहरूले यसरी नै विघटन गर्न सक्छन भन्ने मान्यता स्थापित भएको छ । नयाँ सम्बिधान बनेपछिको पहिले चुनावबाट निर्मित सदन लहडको भरमा दुई घण्टामा विघटन गरियको छ । यदि सर्वोच्च अदालतले यो प्रधानमन्त्रीको निर्णयलाई सदर गरिदियो भने त्यहिदिन देखि यो नेपालको सम्बिधान( २०७२ को मुख्य आधार भत्किने छ र अब आउने हरेक सरकारले आफुलाई असुरक्षित ठानेको खण्डमा जतिसुकै बेला पनि सन्सद विघटन गर्न सक्ने कुप्रथा स्थापित हुनेछ । जुन नेपाली राजनीति, विकास र समृद्धिको सबैभन्दा खतरानक माध्यम बन्नेछ ।

त्यसैले, हरेक सचेत युवाहरूले युवा भएर सोच्न जरुरी छ कि के हामी पछि हामिले नेतृत्व गर्ने नेपाल पनि अहिलेको जस्तै अस्थिर र अ( राजनितीक चाहान्छौ वा स्थिर र अन्य विश्व सङ प्रतिस्पर्धा गर्दै अघिबढेको नेपाल चाहान्छौ ? हरेक सचेत युवा अहिलेलाई होईन भविस्यलाई सम्झेर एकचोटी सोच्नै पर्छ नत्र भोलि आज जसरी हामी यो मुख्य नेतृत्वलाई गाली गर्दैछौ त्यसरी नै हाम्रो सन्ततिले हामिलाई गाली गर्ने धिक्कर्ने दिन न आउला भन्न सकिन्न । के हामी त्यो दिन भोग्न तयार हो ?

तसर्थ, यो छलछामका लागि घोषणा गरिएको चुनाब न त हुन्छ, न त सधै अस्थिरता पैदा गरिरहने छिमेकिले हुन नै दिन्छ । त्यसैले यस्को खुलेर बिरोध गरौ, सम्मानित सर्वोच्च अदालतलाई हाम्रो मतबाट निर्मित सन्सद पुन:स्थापनाका लागि हरेक माध्यमबाट दबाब सिर्जना गरौ ।

**भ्रम तीन** : शक्ति र सत्ताको भरमा सबैचिज प्राप्त गर्न सकिन्छ

नौजवानहरूमा एउटा अर्को अत्यन्तै आधारविहिन भ्रम फिँजाइएको छ । त्यो हो( 'हाम्रो केपि बाले सबैतिर मिलाइ सक्नुभएको छ । निर्वाचन आयोगले पनि ओलिकै पार्टीलाई आधिकारिता दिन्छ र सर्वोच्च अदालतले पनि बाकै पक्षमा फैसला गर्नेछ, त्यसैले बाकै पक्षमा बोल नत्र तिमीहरूको राजनितिक भविस्य अन्धकार हुनेछ ।'

अन्तमा, युवा कुनैपनि राष्टको भविष्यको ऐना हो । हाम्रो आँखामा पार्न खोजिएका भ्रमका जालोहरू सफा गरौं, एकले अर्काको अनुहारमा पोतिएका दागहरू सफा गरौं । तबमात्र हाम्रो भविष्य सफा र उज्ज्वल देखिनेछ । जुन तपाईं, म, हामी हरेकले सफा गर्दा सफा हुनेछ । जालोहरू पार्दै दागहरू एकले अर्कालाई पोत्दै हिँड्यौं भने झन् धमिलो देखिनेछ । त्यसैले, समयलाई समयमै चिन्नौ, बुझौं र अगाडि बढौं । अन्यथा: समय कठोर भई बदलिने छ । अनलाईवाट




कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के-के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १




पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर
MAX INTERNATIONAL HOSPITAL
&
TRAUMA CENTER (P.) Ltd.
Maximum care for life
Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# तुलसी प्याथोलोजीद्धारा नि:शुल्क स्वास्थ्य शिविर

विराटनगर । विराटनगर महानगर पालिका वडा नं. १० को सहकार्य र तुलसी प्याथोलोजी ल्याव एण्ड क्लिनिकका आयोजनामा एक दिने निशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

विराटनगर महानगर पालिका वडा नं. १० स्थित मार्टस मेमोरियल माध्यामिक विद्यालयमा आयोजित नि:शुल्क स्वास्थ्य शिविरमा मुटु रोग विशेषज्ञ डा.सरवेश झा र स्त्री तथा प्रसुती विशेषज्ञ डा.रिया किरण केसी, हाडजोर्नी थत नशा रोग विषेशज्ञ डा. राम कुमार यादव, छाला, यौन, चर्म तथा कुष्ट रोग विषेशज्ञ डा. तपन प्रधान र मानसिक रोग विशेषज्ञ डा. प्रभात चालिसे स्वास्थ्य परिक्षण गरेका थिए ।



शिविरमा आर एफ टि, सिविसि, ब्लड सुगर, यूरिन टेष्ट, एल एफ टि, लगायतका जाँचमा ३० प्रतिशत छुट, थाईराइड र सुगर जांच गराउँदा ५ सय ५० शुल्क लाग्ने तुलसी प्याथोलोजि ल्याब एण्ड क्लिनिकका प्रबन्धक निर्देशक कैलाश कुमार साहले वताए ।

उक्त शिविरमा १ सय ५ जनाले स्वास्थ्य परिक्षण गरी लाभ लिएका थिए । विभिन्न संघ संस्थाहरुसंग सहकार्यगरी अन्यवडाहरुमा पनि स्वास्थ्य शिविर संचालन गर्ने साहको लक्ष्य छ ।

# प्रतिबन्धित भारतीय नोट सहित एक जना विराटनगरबाट पक्राउ

विराटनगर । विराटनगर महानगरपालिका-१७ मटेरुवाबाट प्रहरीले प्रतिबन्धित भारतीय नोटसहित एक जनालाई पक्राउ गरेको छ ।

नेपाल-भारत सीमा क्षेत्रअन्तर्गत मटेरुवाबाट अवैध भारतीय रुपैयाँ (भारु) सहित भारतीय नागरिक २५ वर्षीय सुजित कुमारलाई प्रहरीले पक्राउ गरेका थिए ।

भारत विहार अररीया जिल्लाका नागरिक भएको खेलेको छ। इलाका प्रहरी कार्यालय रानीका प्रहरी निरीक्षक दीपक थापाले उनलाई पाँच सय दरका अवैध भारतीय नोटसहित पक्राउ गरिएको थियो । उहाँका अनुसार पक्राउ परेका सुजितको साथबाट पाँच सय दरका एक सय



चारवटा भारतीय नोट फेला परेका छन् । सुजितको साथबाट जम्मा ५२ हजार भारतीय रुपैयाँ बरामद भएको थापाले बताएका थिए

नेपालमा पाँच सय दरका भारतीय नोट बोक्न प्रतिबन्ध छ। प्रतिबन्धित नोट साथमा बोकेर अवैध रुपमा नेपाल प्रवेश गरेको पाइएपछि पक्राउ गरिएका सुजितलाई आवश्यक कारबाहीका लागि शुक्रबार विराटनगर भन्सार कार्यालयमा बुझाएका थिए ।

पक्राउ परेका युवाले भने आफू नयाँ वर्ष मनाउन पैसा बोकेर नेपाल आएको बताएका छन् । उनले घुमफिरका लागि पोखरासम्म पुग्ने योजना रहेको पनि प्रहरीलाई सुनाएका छन् ।

तर कोरोना भाइरस सङ्क्रमणका कारण नेपाल-भारत सीमा नाका लामो समयदेखि सिल छ। दुवै देशमा आवतजावत गर्न पूर्ण रुपमा रोक लगाउँदै नाका सिल गरिएको अवस्थामा प्रतिबन्धित नोट बोकेर भारतीय युवा नेपाल छिरेका हुन् । प्रहरीले भने नाका सिल भएको अवस्थामा नयाँ वर्षमा घुमफिर गर्ने बाहना बनाउँदै अवैध हुन्डी कारोबारको पैसा बोकेर उनी नेपाल आएको हुनसक्ने आशंका गरेको छ ।

# कांग्रेसका चार नेताले गरे बैकल्पिक सडकको शिलान्यास

विराटनगर । विराटनगर महानगर पालिकाको पश्चिमि सिमालाई जोड्ने गरी बन्न लागेको सडकको शिलान्याश चारवटा नेताहरुले मिलेर गरेका छन् ।

झण्डै ३० करोडका लागतमा सडक निर्माणको शिलान्यश नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला, प्रदेश-१ संसदीय दलका नेता केदार कार्की, विराटनगर महानगर पालिकाका प्रमुख भीम पराजुली र उपमेयर इन्दिरा कार्कीलगायतले शिलान्यास गरेका छन् ।

विराटनगर महानगर पालिका वडा नं. १२ को मिथिला चोकमा आयोजित कार्यक्रममासंयुक्त रुपमा सडकको शिलान्यास गरेका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै कोइरालाले जनप्रतिनिधिलाई सहयोग गर्न आग्रह गर्दै विकासका काम गर्न आफूहरु



तयार रहेको वताए। त्यस्तै नेपाली कांग्रेसका प्रदेश नं. १ को प्रमुख सचेतक कार्कीले विराटनगरको पश्चिमको क्षेत्रलाई विगतका जनप्रतिनिधिले बेवास्ता गर्दै आएकाले यस क्षेत्रको विकास गर्न हामी लागेको वताए ।

प्रमुख पराजुली, उपप्रमुख इन्दिरा कार्की, वडा नम्बर ६ का अध्यक्ष विजय कामत, १५ नम्बर वडाका अध्यक्ष हिरालाल कामतले तोकिएको समयभित्रै सडक निर्माण सम्पन्न गर्न महानगरको तर्फबाट सहजीकरण गर्ने आग्रह गरेका थिए। शिलान्यास गरिएको सडकले महानगरको ५, ६, ११ र १२ वडालाई जोड्दै जोगबनी बोर्डरसम्म जोड्ने जनाइएको छ। ७ मिटर चौडाईको सडकको लम्बाई ९ दशमलव तीन आठ किलोमिटर रहेको छ ।

प्रदेश सरकारको बजेटबाट उक्त सडक निर्माण हुन लागेको हो। उक्त सडक कुल २९ करोड ६३ लाख ९ हजार ५ सय ६६ रुपैयाँमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको पूर्वाधार विकास कार्यालय मोरङका इन्जिनियर मनोजकुमार ठाकुरको भनाई थिया। प्रदेश सरकारको बहुववर्षी योजना अन्तर्गत सो सडक निर्माण हुने लागेको हो। सडकको प्रत्यक्ष अनुगमन र निरीक्षण पूर्वाधार विकास कार्यालय मोरङले गर्नेछ। बहुवर्षीय योजनाअन्तर्गत प्रदेशमा ६२ वटा सडक निर्माण हुँदैछन् ।

२०७७ असार ४ गते ठेक्का सम्झौता भएको सो सडक २०७९ साल असार ३ गतेभित्र सम्पन्न गरिसक्नुपर्ने छ। सडक निर्माणका निम्ति जनकपुरस्थित देव एण्ड सायर आईएसएनबी जेभीले ठेक्का लिएको छ।

# खैरो हिरोइन सहित एक पक्राउ

विराटनगर। अवैध लागु औषध खैरो हिरोईन सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. वडा नं. १३ बिराट अस्पताल जाने बाटो नजिकै रहेको आस्था होटेल एण्ड लजमा लागु औषध ब्युरो बिराटनगर र ईलाका प्रहरी कार्यालय रानीबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो।

पक्राउ पर्नेमा जिल्ला सुनसरी इटहरी उप-महानगरपालिका वडा नं. ५ हलगडा बस्ने बर्ष ३० को बिमल राईलाई शंका लागी चेक जाँच गर्ने क्रममा निजको साथबाट ४ वटा प्लास्टिकमा बेरी राखेको अन्दाजी २.४५ ग्राम ब्राउन सुगर जस्तो देखिने पदार्थ फेला पारेको थियो।

राईलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय रानीमा ल्याई थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ।

# मोटर साईकल चोरी गर्ने पक्राउ

झापा । झापाको गौरादह नगरपालिका वडा नं. २ बाट मोटरसाईकल चोरीमा संग्लग्न २ जना पक्राउ परेका छन् ।

मंगलवार दमक नगरपालिका वडा नं. ७ मा रहेको एडभान्स अस्पताल परिसरबाट प्रदेश १-०२-०४३ प ६८७७ नम्बरको पल्सर मोटरसाईकल हराएको भनी जानकारी पाए लगत्तै खोजतलासमा खटिएको प्रहरी टोलीले सोही दिन गौरादह नगरपालिका वडा नं. ७ को एक घरबाट चोरी भएको मोटरसईकल फेला पारेको थियो ।

मोटरसाईकल फेला परेसंगै चोरीमा संग्लग्नहरुको खोजतलास गर्ने क्रममा चोरीमा संग्लग्न रहेका गौराहद नगरपालिका वडा नं. २ का २४ बर्षीय मोहन प्रसाद ताजपुरिया र २९ बर्षीय दिपक न्यौपानेलाई पक्राउ गरेको र निजहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको गरेको ईलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

# भारतीय नोट कारोबार गर्ने पक्राउ

विराटनगर। भारतीय नोट सहित एकजाना नेपाली नागरिकलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १६ दक्षिण गेट स्थित ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउदै गरेको जिल्ला सुनसरी ईटहरी उपमहानगरपालिका वडा नं. वडा नं.९ जुट विकास बस्ने बर्ष २५ को लुकास राजवंशीलाई पक्राउ गिरेको हो।

राजवंशीलाई चेकजाँच गर्ने क्रममा निजको साथबाट भारतीय

वांकी अन्तिम पेजमा...

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १


## कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौ देशको राजश्व बढाऔं । स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर । कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी बनौ । सामान किनौ गतिलो ठानेर बिल मागौ अधिकार ठानेर ।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर

